नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(योजना तथा अनुगमन शाखा)

प.सं.: ०८१/८२
च.नं.: २८

सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३५१३४

मिति : २०८१।०४।२१

**विषय : कार्यक्रम प्रगति समीक्षा एवम् शैक्षिक नीति तथा कार्यक्रम अभिमुखीकरण सम्बन्धमा ।**

श्री सामाजिक विकास मन्त्रालय, बिराटनगर मोरङ, कोशी प्रदेश
श्री शिक्षा तथा संस्कृति मन्त्रालय, जनकपुर, मधेश प्रदेश
श्री सामाजिक विकास मन्त्रालय, हेटौंडा मकवानपुर, बागमती प्रदेश
श्री समाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, पोखरा, गण्डकी प्रदेश
श्री सामाजिक विकास मन्त्रालय, देउखुरी दाङ, लुम्बिनी प्रदेश
श्री सामाजिक विकास मन्त्रालय, बिरेन्द्रनगर, कर्णाली प्रदेश
श्री सामाजिक विकास मन्त्रालय, धनगढी, सुदूरपश्चिम प्रदेश

प्रस्तुत विषयमा गत आ.व २०८०/८१ को कार्यक्रम प्रगतिको समीक्षा र चालु आ.व. २०८१/८२ को शैक्षिक नीति तथा मार्गदर्शन, प्रदेश र स्थानीय तहमा ससर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भएका कार्यक्रम कार्यान्वयन सम्बन्धमा निम्न मिति, समय र स्थानमा हुने अभिमुखीकरण कार्यक्रममा तपसिलको विवरणसहित देहायबमोजिमका कर्मचारीहरू उपस्थित हुने व्यवस्था मिलाइदिनु हुन केन्द्रको मिति २०८१/०४/२१ को निर्णय अनुसार अनुरोध छ ।

२०८१।४।२१

प्रकाश कुमार खरेल
शाखा अधिकृत

तपसिल

<u>अभिमुखीकरण कार्यक्रम</u>

मिति : २०८१/०५/५ र ६ गते,
समय : विहान ठीक ८:०० बजेदेखि
स्थान : शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर

**अभिमुखीकरण कार्यक्रमका सहभागीहरू:**

| | |
|---|---|
| शिक्षा सम्बद्ध मन्त्रालयबाट | - महाशाखा प्रमुख (शिक्षा हेर्ने) १ जना |
| शिक्षा विकास निर्देशनालयबाट | - निर्देशक १ जना |
| शिक्षा तालिम केन्द्रबाट | - तालिम प्रमुख १ जना |

**<u>अभिमुखीकरण कार्यक्रममा सहभागी हुन आउँदा लिइ आउनुपर्ने विवरणहरू:</u>**

१. गत आव २०८०/८१ मा सङ्घीय सरकारबाट प्रदेश तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको भौतिक एवम् वित्तीय प्रगति विवरणको प्रमाणित प्रति (Hard copy र Soft copy दुवै),
२. आव २०८०/८१ मा सङ्घीय सरकारबाट वित्तीय हस्तान्तरणमा वा प्रदेशको आफ्नै कार्यक्रममा शिक्षा तालिम केन्द्र मार्फत कार्यान्वयन भएका सबै प्रकारका तालिम कार्यक्रमको भौतिक एवम् वित्तीय प्रगति विवरण र तालिम प्राप्त शिक्षकको नामनामेसीसहित जिल्लागत विवरण,
३. आव २०८०/८१ को बार्षिक स्थिति प्रतिवेदन (Hard copy र Soft copy दुवै),

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(योजना तथा अनुगमन शाखा)

प.सं.: ०८१/८२
च.नं. ५८

सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३५१३४

४. बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि पूर्वाधारयुक्त आवासीय विद्यालयको हालसम्मको कार्य प्रगतिको अवस्था,

५. प्रदेश अन्तर्गत छनोट भइ निर्माणाधीन ठूला विद्यालयहरुको हालसम्मको कार्य प्रगतिको अवस्था,

६. प्रदेशभित्र विद्यालय शिक्षा क्षेत्रमा भएका असल अभ्यास, समस्या, चुनौती र भावी कार्यदिशा ।

७. प्रदेशको आवधिक शिक्षा योजना तयार भएको भए सोको Hard /Soft copy र मुख्य विषयसम्बन्धी विवरण ।

८. प्रदेशस्तरमा शिक्षा समूह गठन भए/नभएको, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) निर्माण भए नभएको, भएको भए सम्बन्धित विवरण ।

९. आव २०८१।८२ मा भएको देहायबमोजिम बजेटसम्बन्धी विवरण

| प्रदेशको नाम ठेगाना | आ.व.२०८१।८२ को जम्मा बजेट | शिक्षा क्षेत्रमा विनियोजित बजेट | सङ्घको ससर्त बजेट बाहेक शिक्षा क्षेत्रमा विनियोजित बजेट |
|---|---|---|---|
| | | | |

**पुनश्चः** प्रदेश तहबाट सञ्चालित शैक्षिक कार्यक्रम तथा असल अभ्यास, समस्या, चुनौती र भावी कार्यदिशासहितको संक्षिप्त रूपमा निकायगत प्रस्तुतीकरण समेतका लागि अनुरोध छ ।

केही भए सम्पर्कः ९८४१५०४५३३, Email: planning.cehrd@gmail.com